**परिमार्जित**

# भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०

(विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिमको कार्यकारी समितिद्वारा

मिति २०८०/०७ /२६ मा स्वीकृत)

प्रथम संसोधन मिति २०८०।०८।०७

नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाण्डौ ।

# भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०

**प्रस्तावना**

भूकम्पका कारण निजी आवास पूर्ण रूपले क्षति भएका वा आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेका घरपरिवारलाई तत्काल अस्थायी आवास निर्माण गर्न प्रदान गरिने अनुदानको उपयोगलाई व्यवस्थित गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी ऐनको दफा ६ बमोजिमको कार्यकारी समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम "भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०" रहेको छ ।

२. यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ ।

२. "कार्यविधि" भन्नाले "भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०" सम्झनुपर्छ ।

३. "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

४. "जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १६ बमोजिमको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

५. "निजी आवास" भन्नाले व्यक्ति वा परिवारको स्वामित्वमा रहेको घर वा आवास सम्झनुपर्छ ।

६. "परिवार" भन्नाले एकाघर सगोलका पति, पत्नी, बावु, आमा, छोरा, बुहारी, धर्मपुत्र, अविवाहित छोरी, धर्मपुत्री, दाजु, भाइ, अविवाहित दिदी बहिनी र विवाहित महिलाको हकमा सासु ससुरा समेतलाई सम्झनुपर्छ ।

७. "प्राधिकरण" भन्नाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकारणलाई सम्झनुपर्छ ।

८. "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था भन्ने बुझिन्छ ।

९. "मन्त्रालय" भन्नाले गृह मन्त्रालयलाई सम्झनुपर्छ ।

१०. "स्थानीय तह" भन्नाले सम्बन्धित गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनुपर्छ ।

११. "स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

१२. "लाभग्राही" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम कायम भएको व्यक्ति बुझिन्छ ।

## परिच्छेद - २
## अनुदान वितरण

### ३. लाभग्राहीको पहिचान

१. भूकम्पका कारण निजी आवास पूर्ण रूपले क्षति भएका वा आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेका घरपरिवारलाई अनुसूची -१ बमोजिम स्वघोषणा सहितको निवेदन र वडाको सिफारिसका आधारमा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्वीकृत गरेका परिवारलाई अस्थायी आवास लाभग्राही कायम गरिनेछ । कायम भएका लाभग्राहीहरुको विवरण अनिवार्यरुपमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई जानकारी पठाउने।

२. उपदफा (१) बमोजिम निवेदन दिँदा अनुसूची-२ बमोजिमको स्वघोषणा समेत संलग्न गर्नु पर्नेछ ।

३. भूकम्प गएका बखत एउटै आवासमा बसोवास गरिआएका जतिसुकै परिवार भए पनि ती सबैलाई एउटै परिवार मानी एउटा मात्र अस्थायी आवास लाभग्राही कायम गरिनेछ ।

४. वडा मार्फत प्राप्त निवेदनहरुमा भूकम्पअघि कायम रहेका आवास संख्यामा नबढ्ने गरी र निवेदनमा भएका त्रुटिका कारण अस्थायी आवास निर्माणमा विलम्ब हुन नदिन र लाभग्राही कायम गर्ने कार्यमा सहयोग, सहजीकरण र समन्वय गर्न प्रत्येक वडामा निर्वाचित जनप्रतिनिधिको संयोजकत्वमा सम्बन्धित स्थानीय तह र वडामा क्रियाशील राजनीतिक दलका प्रतिनिधि सम्मिलित सर्वदलीय संयन्त्र गठन गरिनेछ ।

५. उपदफा (१) बमोजिम कायम भएका लाभग्राहीसँग अनुसूची-३ बमोजिम अस्थायी आवास निर्माण सम्झौता गरिनेछ।

### ४. अस्थायी आवास अनुदान

१. दफा ३ बमोजिम कायम भएका अस्थायी आवासका लाभग्राहीलाई पहिलो किस्तामा रु. २५,०००/- उपलब्ध गराइनेछ ।

२. उपदफा (१) बमोजिम पहिलो किस्ता प्राप्त गरी अनुसूची-४ बमोजिमको प्रक्रिया पूरा भएका र स्थानीय तहले बाँकी रकम दिन उपयुक्त छ भनी सिफारिस गरेका अस्थायी आवासका लाभग्राहीलाई अन्तिम किस्तामा रु. २५,०००/- उपलब्ध गराइनेछ ।

३. प्रदेश सरकार, अन्य स्थानीय तहहरु र राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाबाट अस्थायी आवास निर्माणका लागि सहयोग उपलब्ध गराउँदा दफा (३) (१) बमोजिम अस्थायी आवास लाभग्राही कायम भएका निवेदकहरुमध्ये स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले तोकिदिएका परिवारलाई दोहोरो नपर्ने गरी गर्नु पर्नेछ र लेखा सहितको सम्पूर्ण विवरण सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

४. उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार, स्थानीय तह वा अन्य संघसंस्थाबाट अस्थायी आवास निर्माणका लागि अनुदान प्राप्त गरेका वा आवास निर्माण गरिदिएका लाभग्राहीलाई दोहोरो पर्ने गरी रकम उपलब्ध गराइने छैन। तर दफा ३ (१) बमोजिम लाभग्राही कायम भएका परिवार आफैले अस्थायी आवास निर्माण गरिसकेको भएमा यसै कार्यविधि बमोजिम भएको मानि अनुदान रकम उपलब्ध गराईनेछ।

## ५. अस्थायी आवास अनुदान वितरण प्रक्रिया

१. दफा ३(५) बमोजिम सम्झौता गरेका र दफा ४ बमोजिम पहिलो किस्ता बापतको रकम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिबाट सम्बन्धित स्थानीय तह मार्फत लाभग्राहीको बैंक खातामा उपलब्ध गराइनेछ ।बैक खाता नभएका लाभग्राहीको हकमा स्थानीय बैंकले अनुसुची-३ बमोजिम सम्झौताको आधारमा सम्बन्धित लाभग्राहीलाई भर्पाई गराई नगदै रकम उपलब्ध गराउने छ ।

२. उपदफा (१) बमोजिम अस्थायी आवासको पहिलो किस्ता रकम लिएर निर्माण शुरु गरी छाना छाउनु अघि वा निर्माण सम्पन्न गरी लाभग्राहीले दोस्रो किस्ताको लागि निवेदन दिनु पर्नेछ र प्रकृया पूरा भएपछि लाभग्राहीको बैंक खातामा उपलब्ध गराइनेछ।

३. दफा ३ बमोजिम कायम भएका लाभग्राही सम्झौताका लागि स्वयं उपस्थित हुन नसकेको अवस्थामा अनुसूची-५ बमोजिमको मञ्जुरीनामा मार्फत अस्थायी आवास निर्माण सम्झौता गराउन सक्नेछन्।

४. अस्थायी आवास अनुदान रकम लिएर आवास निर्माण सम्पन्न नगर्ने लाभग्राही र निजका परिवारलाई नेपाल सरकारबाट उपलब्ध गराइने पुनर्निमाण तथा अन्य सहुलियत, सेवा सुविधाबाट बञ्चित गराइनेछ साथै अस्थायी आवास निर्माण वापत लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

५. दफा ४(३) बमोजिम तोकिएका लाभग्राहीलाई अस्थायी आवास निर्माण सहयोग रकम बैंक खाता मार्फत नै उपलब्ध गराउनु पर्नेछ।

## ६. अस्थायी आवास निर्माण स्थलको छनोट

१. अस्थायी आवास निर्माण गर्दा बाढी, पहिरो लगायत विपद्को जोखिमबाट समेत सुरक्षित हुने स्थानमा हुनु पर्छ।

२. अस्थायी आवास निर्माण गर्दा पछि स्थायी आवासका लागि सुरक्षित जग्गा छुट्याएर निर्माण स्थलको छनोट गर्नु पर्छ।

## ७. अस्थायी आवासको ढाँचा

१. दफा ३ बमोजिम लाभग्राहीलाई प्रदान गरिने अनुदानबाट लाभग्राहीले आफूसँग उपलब्ध जमिनको आकार प्रकार तथा परिवारको संख्याका आधारमा अनुसूची-६ मा उल्लिखित ढाँचा र निर्माण सामग्रीलाई सन्दर्भ सामग्री (Reference) मानी स्थानीय स्रोत सामग्रीको प्रयोग गरी उपयुक्त आवास निर्माण गर्न सक्नेछ ।

२. अस्थायी आवास निर्माण गर्दा संभव भएसम्म पछि निर्माण गरिने स्थायी आवासको लागि सतह विस्तार (Horizontal Expansion) गरेर जोड्न मिल्ने गरी (रूपान्तरण योग्य) बनाउन सकिनेछ।

## ८. अस्थायी आवासको उपयोग

१. अस्थायी आवास निर्माण गर्दा तत्काल भूकम्पले क्षति गरेको घरका उपयोगी सामान प्रयोग गर्न सकिनेछ।

२. अस्थायी आवासमा प्रयोग भएका जस्तापाता लगायतका सामग्रीहरू पुनः उपयोग गर्न मिल्ने गरी बनाउन सकिनेछ।

३. दफा ७(२) बमोजिम आवास निर्माण गर्न स्थान वा भूसतहका कारणले संभव नभए भविष्यमा भान्सा घर, गोदाम, गोठ, मतान आदिमा उपयोग हुने गरी बनाउन सकिनेछ।

## ९. प्राविधिक सहयोग

१. अस्थायी आवास निर्माणका लागि सम्बन्धित स्थानीय तहलाई सहरी विकास मन्त्रालयले प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

२. अस्थायी आवास निर्माणको सूचना प्रणाली (Information Management System) को लागि स्थानीय तह र प्रदेश सरकारलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रणाली संचालनको लागि तालिम लगायत प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

## १०. प्रदेशको भूमिका

१. प्रदेश सरकारले भूकम्प प्रभावितहरूका लागि दोहोरो नपर्ने गरी अस्थायी आवास तथा संरचनाहरूको निर्माण गर्न गराउन सक्नेछ।

२. प्रदेश सरकारले अस्थायी आवास निर्माण प्रकृयाको संघीय सरकार, संघीय निकाय र स्थानीय तहको समन्वयमा अनुगमन गर्नेछ।

३. संघ र स्थानीय तहसंग समन्वय गरी आवश्यकता अनुसार जनशक्ति उपलब्ध गराउन तथा प्राविधिक परिचालन गर्नेछ।

## ११. स्थानीय तहको विशेष भूमिका

१. अस्थायी आवास निर्माणका लागि वास्तविक लाभग्राहीको पहिचान, छनोट, सम्झौता, किस्ता भुक्तानी सिफारिस तथा भुक्तानीमा स्थानीय तहको नेतृत्वदायी भूमिका हुनेछ ।

२. सुविधाबाट बञ्चिती वा दोहोरो सुविधा पर्न नदिन स्थानीय तहले सरकारी, गैर-सरकारी संस्था लगायत सबै पक्षको समन्वय गर्नेछ।

३. दफा ४ तथा दफा ७ (१) बमोजिम निर्माण गरिने आवासमा निजी शौचालय भए नभएको अनुगमन गरी शौचालय निर्माण गर्न लगाउने वा पायक पर्ने स्थानमा सामूहिक शौचालय र खानेपानीको बन्दोबस्त मिलाउनेछ।

४. संघ-संस्थाहरूको सहयोगमा निर्माण भइरहेका समेत सबै अस्थायी आवास निर्माण कार्यको अनुगमन गर्नेछ।

५. लाभग्राहीका भूकम्पबाट चर्के, भत्केका जोखिमयुक्त भवन भत्काउन लगाउनेछ ।

६. भूकम्प प्रभावित नागरिकका लागि सिकाई केन्द्रको स्थापना र सञ्चालन गर्नेछ।

## १२. स्वयंसेवक परिचालन

१. विपद् व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन तथा परिचालन कार्यविधि, २०७८ बमोजिम स्वयंसेवकहरूको परिचालन हुनेछ।

२. उपदफा १ बमोजिम परिचालित स्वयंसेवकहरूको समन्वय, सहजीकरण, अनुगमन, मूल्याङ्कन तथा कदर सम्बन्धित स्थानीय तहले गर्नेछ।

## १३. बाधा अड्काउ फुकाउने सम्बन्धमा

१. यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउनका लागि यस कार्यविधिको उद्धेश्यमा प्रतिकुल असर नपर्ने गरी प्राधिकरणको समन्वयमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १
## दफा ३(१) सँग सम्बन्धित
## भूकम्प प्रभावितको अस्थायी आवास लाभग्राही कायम गरी पाउन गरेको निवेदन

मितिः२०८०/....../....

श्रीमान वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यलय
.................................पालिका

**विषयः भूकम्प प्रभावितको अस्थायी आवास लाभग्राही कायम गरी पाऊँ**

उपरोक्त सम्बन्धमा मिति .................. मा ........................ केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण ........................................को नाति/नातिनी/बुहारी........................................................................को छोरा/छोरी/बुहारी ..............................को ................................................. (महा/उपमहा/नगर/गाउँ) पालिका ........... वडामा रहेको घर पूर्ण रूपले क्षति भएको / आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेको हुँदा, भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० बमोजिम अस्थायी आवास लाभग्राही कायम गरी प्रथम किस्ता बापतको रकम उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

निवेदक

(नाम र सहीछाप)

| दाँया | बाँया |
|---|---|
| | |

**संलग्न कागजातहरू**

१. पूर्ण रूपले क्षति भएको वा आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेको संरचनाको फोटो

२. परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र वा वडाको सिफारिस)

३. बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण वा चेकको प्रतिलिपि

४. घरमूली उपस्थित नभएको अवस्थामा, मञ्जुरीनामा सहितको निवेदन

५. प्रहरीको मुचुल्का (प्रत्येक घरधुरीको मुचुल्का नभएको अवस्थामा सामुहिक मुचुल्का पनि मान्य हुने)

## वडाको सिफारिस

श्री स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति
...................................................... पालिका

मिति ............ मा ......... केन्द्रविन्दु भई गएको भूकम्पमा परि निवेदकको घर पूर्ण रूपले क्षति भएको / आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेको हुदाँ निजलाई भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० बमोजिम अस्थायी आवास लाभग्राही कायम गर्न सिफारिस साथ अनुरोध गर्दछु ।

कार्यालयको छाप

दस्तखतः ..................
नामः ....................
पदः वडा अध्यक्ष

**अनुसूची २**
**दफा ३(२) सँग सम्बन्धित**
**भूकम्प प्रभावितको स्वघोषणा**

मितिः २०८०/....../......

श्रीमान वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यलय
.................................पालिका

**विषयः स्वघोषणा ।**

उपरोक्त सम्बन्धमा मिति .................. मा ........................ केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण ........................................ को नाति/नातिनी/बुहारी ............................................. को छोरा/छोरी/बुहारी ...............................को .................................................. (महा/उपमहा/नगर/गाउँ) पालिका ........... वडामा रहेको घर पूर्ण रूपले क्षति भएको / आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेको ब्यहोरा अनुरोध छ ।

मैले अस्थायी आवास निर्माणको निम्ति अन्य कुनै पनि निकायबाट अनुदान रकम प्राप्त गरेको वा म र मेरो परिवारको निम्ति कुनै पनि निकायले अस्थायी आवास निर्माण गरी दिएको छैन ।

म र मेरो परिवारको नाममा नेपालभर बसोबास योग्य आवास नरहेको ब्यहोरा अनुरोध गर्दै भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० बमोजिम रकम उपलब्ध भएमा, कार्यविधिले तोकेको समयभित्र अस्थायी आवास निर्माण सम्पन्न गर्ने ब्यहोरा अनुरोध गर्दछु । यसमा उल्लिखित विवरण र निवेदनसाथ पेश भएका कागजातहरू झुठो ठहरिएमा, कानून बमोजिम सहने बुझाउनेछु ।

निवेदक
(नाम र सहीछाप)

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची ३
## दफा ३(५) सँग सम्बन्धित

## भूकम्प प्रभावितको अस्थायी आवास निर्माणका लागि अनुदान सम्झौता-पत्र

लाभग्राही क्रम संख्याः............................................सम्झौता क्रमाङ्क संख्याः.............................................

भूकम्प प्रभावितको अस्थायी आवास निर्माणका लागि ............................ जिल्ला ....................................... गा.पा/न.पा. वडा नं. ...... गाउँ/टोल .................. बस्ने श्री ........................................ को नाती/नातीनी/बुहारी श्री .................................................................................... को छोरा/छोरी/श्रीमती बर्ष ......को लाभग्राही श्री..............................................(यसपछि प्रथम पक्ष भनिने) र .............................................. गाउँपालिका, नगरपालिका कार्यालय (यसपछि दोश्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही भूकम्पबाट प्राभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८०, बमोजिम अस्थायी आवास निर्माण गर्न यो अनुदान सम्झौता-पत्रमा सहीछाप गरेका छौं ।

<u>अस्थायी आवास निर्माण हुने स्थानको विवरण</u>

जिल्ला.................गा.पा/न.पा. ........................

वडा नं. ..... टोलः...............

**क. प्रथम पक्ष (लाभग्राही)**

**<u>१. व्यक्तिगत विवरण</u>**

लाभग्राहीको नाम, थर नेपालीमा..............................

लाभग्राहीको नाम, थर अंग्रेजीमा .............................

जिल्ला ........................

गा.पा./न.पा..........................

वडा नं. ..........

ना.प्र.न. ......

सम्पर्क नं. .......................

| लाभग्राहीको फोटो |
|---|

**सम्झौता-पत्रमा हस्ताक्षर गर्न अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण (लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा मात्र)**

**संरक्षक/अधिकार प्राप्त/मञ्जुरी प्राप्त व्यक्तिको बिबरण**

नाम, थर ..................................

जिल्ला...........................

गा.पा./न.पा.............................

**<u>२. बैंक/वित्तीय संस्थामा रहेको खाताको विवरण</u>**

खातावालाको नाम, थर .........................................

खाता नम्बर ......................................................

**बैंक/वित्तीय संस्थाको** नाम .......................................

**<u>३. स्थायी ठेगाना र नागरिकतामा उल्लिखित ठेगाना फरक भएमा</u>**

(बसाईँसराइको विवरण उल्लेख गर्ने)

बसाइँसराइ प्रमाण-पत्र नं. .......

बसाइँसराइको मिति......./ ......./ .......

**४. लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औठां छाप**

दायाँ बायाँ

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर .......................मिति २०८०/......../.......

साक्षीको नाम थर

वडा नं....... ना.प्र.न. .............

बाजेको नाम, थर ..............................

बाबु/आमाको नाम, थर ............................

लाभग्राहीसँगको नाता ..............

सम्पर्क नं. .....................

**ख. दोश्रो पक्ष (....................कार्यपालिका कार्यालयको छाप)**

..................................................गा.पा/न.पा.

हस्ताक्षर .......................

नाम ...............................

पदः प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०/ ..... / .....

**प्रथम पक्ष लाभग्राहीले मञ्जुर गरेका शर्तहरुः**

(१) मैले भूकम्पबाट प्राभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० एबं यस सम्झौता-पत्र अनुरुप बनाउने छु ।

(२) निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिसियन, तथा अन्य निर्माण कार्य गर्न तथा श्रमिक जुटाउने र काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

(३) मैले प्राप्त गर्ने अस्थायी आवास निर्माण अनुदान रकम अस्थायी आवास निर्माणका लागि मात्र गर्नेछु ।

(४) उपलब्ध अनुदान नपुग भएमा अतिरिक्त लागत म आफैंले थप गरी अस्थायी आवास निर्माण सम्पन्न गर्नेछु।

(५) परिवारको व्यक्तिगत सरसफाई ध्यानमा राखी संरचना निर्माण गर्नेछु।

**दोश्रो पक्ष (स्थानीय तह) ले मञ्जुरी गरेका शर्तहरुः**

१) प्रथम पक्षबाट यस कार्यविधि अनुसार अस्थायी आवास निर्माणको कार्य भएमा अनुदान रकम सरकारको तर्फबाट दफा ५ बमोजिम उपलब्ध गराइने छ ।

**आवश्यक कागजातहरुः**

१. नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि वा वा वडाको सिफारिस)

२. पूर्ण रूपले क्षति भएको वा आंशिक क्षति भएता पनि बसोवास गर्न योग्य नरहेको संरचनाको फोटो

३. घरमूली उपस्थित नभएको अवस्थामा, मञ्जुरीनामा सहितको निवेदन

४. प्रहरीको मुचुल्का (प्रत्येक घरधुरीको मुचुल्का नभएको अवस्थामा सामुहिक मुचुल्का पनि मान्य हुने)

## अनुसूची ४
## दफा ४(२) सँग सम्बन्धित
## भूकम्प प्रभावितको अस्थायी आवासको दोस्रो किस्ता पाउन गरेको निवेदन

मितिः२०८०/....../....

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
................................पालिका

**विषयः भूकम्प प्रभावितको अस्थायी आवासको दोस्रो किस्ता पाऊँ ।**

लाभग्राही क्रम संख्याः.......................................सम्झौता क्रमाङ्क संख्याः......................................
भूकम्प प्रभावितको अस्थायी आवास निर्माणका लागि ...................... जिल्ला ....................................
गा.पा/न.पा. वडा नं. .......... गाउँ/टोल ..................... बस्ने श्री ................................................
को नाती/नातीनी/बुहारी श्री .............................. को छोरा/छोरी/श्रीमती बर्ष ............को म र यस पालिका बिच मिति २०८०।....।.... मा भएको अस्थायी आवास निर्माण सम्झौता बमोजिम प्रथम किस्ता रकमबाट आवास निर्माण भइरहेको/सम्पन्न भएकोले सो को फोटो यसै साथ संलग्न गरी दोस्रो किस्ता भुक्तानी पाउनको लागि निवेदन पेश गरेको छु।

अस्थायी आवासको दुई तर्फका मोहोडाको तस्विर

| | |
|---|---|
| पहिलो मोहोडाको फोटो | दोस्रो मोहोडाको फोटो |

निवेदक

(नाम र सहीछाप)

| दायाँ | बायाँ |
|---|---|
| | |

## दोस्रो किस्ता भुक्तानी सिफारिस

भूकम्प प्रभावितको अस्थायी आवास निर्माणका लागि लाभग्राही श्री ...............................ले दोस्रो किस्ता भुक्तानीको लागि निवेदन पेश गरेकोले अस्थायी आवासको प्राविधिकको स्थलगत निरीक्षणबाट भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० तथा मिति २०८०।.... ।.... मा भएको सम्झौता बमोजिम नै अस्थायी आवास निर्माण भइरहेको/समपन्न भएको देखिएको हुँदा निजलाई दोस्रो किस्ता भुक्तानी दिन उपयुक्त छ भनी सिफारिस गर्दछौं ।

| प्राविधिक/ईन्जिनियर | वडा अध्यक्ष |
|---|---|
| श्री ................<br>सही................<br>पद ..............<br>मिति................ | श्री ................<br>सही................<br>मिति................ |

**अनुसूची ५**
**दफा ५(३) सँग सम्बन्धित**
**सम्झौताको लागि मञ्जुरीनामा**

**मितिः ........./........./.........**

**जो जससँग सम्बन्धित छ**

............... जिल्ला..................... गाउँपालिका/नगरपालिका वडा नं......... गाउँ/टोल......... निवासी श्री...................... नाति/नातिनी/बुहारी श्री......................को छोरा/छोरी/श्रीमती वर्ष........ को म ................................ (भूकम्प प्रभावित लाभग्राही क्रम संख्याः.......................................) स्वयं ......................पालिकामा उपस्थित भई सम्झौता गर्न असमर्थ रहेकोले मेरो सट्टा कानुनले वारिस दिन मिल्ने निम्न विवरणका श्री..................................... लाई भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० बमोजिम मेरो अस्थायी आवास निर्माण सम्झौता गर्न यो मञ्जुरिनामा दिई पठाएको छु।

| <u>**अख्तियारप्राप्त निवेदकको हस्ताक्षरः**</u> | | <u>**अख्तियारी दिने लाभग्राहीको हस्ताक्षरः**</u> | |
|---|---|---|---|
| नामः ................. | फोटो | नामः ................. | फोटो |
| ठेगनाः ................. | | ठेगनाः ................. | |
| ना.प्र.नं.: ................. | | ना.प्र.नं.: ................. | |
| सम्पर्क नं. :................... | | सम्पर्क नं. :................... | |

माथी उल्लिखित विवरण ठिक छन्, झुठ्ठा ठहरिए कानून बमोजिम सजाय भोग्न तयार छु।

<u>**संलग्न कागजातहरू:**</u>

१. अख्तियारी दिने व्यक्ति र अख्तियारप्राप्त व्यक्ति दुवैको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि वा वडाको सिफारिस

<u>**वडा कार्यालयबाट प्रामाणित**</u>


मिति २०८०।.....।....... मा ................................ ले ..........................लाई भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० बमोजिम अस्थायी आवास सम्झौता प्रायोजनका लागि दिएको मञ्जुरीनामा साँचो हो भनि प्रमाणित गर्दछु।

दस्तखतः .................
नामः ...................
पदः वडा अध्यक्ष

कार्यालयको छाप

## अनुसूची ६
## दफा ७(१) सँग सम्बन्धित
## अस्थायी आवासको नमूना ढाँचा
## (सन्दर्भ सामग्रीको प्रयोजनार्थ)

### अस्थायी आवासको नमूना ढाँचा १





Cross-Section
Front Elevation
Side Elevation
Typical Bracing (long wall)
Typical Bracing (side wall)
Plan Option 1


**थप स्पस्टताका लागिः**

- अस्थायी आवास छाउन जस्तापाता, यू. पि. भि. सि. पाता, भूकम्पले क्षति भएका घरको जस्तापाता, ढुङ्गाको स्लेट, काठ, लगायत अन्य स्थानीय सामग्रीहरु पनि प्रयोग गर्न सकिनेछ ।
- प्रस्तुत डिजाईन अनुसार अस्थायी आवास निर्माणमा जस्तापाताको प्रयोग गर्दा कम्तिमा ६ फिटे २६ गेजको ३ बण्डल जस्तापाता वा ३ मि.मि. को यू.पि.भि.सी. पाता प्रयोग गरी निर्माण गर्न प्राविधिक दृष्टिकोणले उपयुक्त हुनेछ ।
- अस्थायी आवास निर्माणमा प्रयोग गरिने जस्तापाता तथा यू.पि.भि.सी. पाता प्रयोग गर्दा पुनःप्रयोग गर्न मिल्ने गरी (किला काँटी प्रयोग नगरी) प्रयोग गरेमा सोहि जस्तापाता तथा यू.पि.भि.सी. पाता भविष्यमा स्थायी आवास तथा अन्य संरचना निर्माण गर्दा पुनःप्रयोग हुन सक्नेछ ।
- अस्थायी आवास निर्माण गर्ने प्रत्येक घरपरिवारले स्थानीय सामग्रीहरुको प्रयोग गरी उपयुक्त आकार/प्रकारको शौचालय बनाउनु पर्नेछ ।

# २. अस्थायी आवासको नमूना ढाँचा २
(सन्दर्भ सामग्रीको प्रयोजनार्थ)





Cross-Section




Front Elevation


Side Elevation




Typical Bracing (long wall)




Typical Bracing (side wall)




Plan Option 2

**थप स्पस्टताका लागिः**

- अस्थायी आवास छाउन जस्तापाता, यू. पि. भि. सि. पाता, भूकम्पले क्षति भएका घरको जस्तापाता, ढुङ्गाको स्लेट, काठ, लगायत अन्य स्थानीय सामग्रीहरु पनि प्रयोग गर्न सकिनेछ ।
- प्रस्तुत डिजाईन अनुसार अस्थायी आवास निर्माणमा जस्तापाताको प्रयोग गर्दा कम्तिमा ६ फिटे २६ गेजको ३ बण्डल जस्तापाता वा ३ मि.मि. को यू.पि.भि.सी. पाता प्रयोग गरी निर्माण गर्न प्राविधिक दृष्टिकोणले उपयुक्त हुनेछ ।
- अस्थायी आवास निर्माणमा प्रयोग गरिने जस्तापाता तथा यू.पि.भि.सी. पाता प्रयोग गर्दा पुनःप्रयोग गर्न मिल्ने गरी (किला काँटी प्रयोग नगरी) प्रयोग गरेमा सोहि जस्तापाता तथा यू.पि.भि.सी. पाता भविष्यमा स्थायी आवास तथा अन्य संरचना निर्माण गर्दा पुनःप्रयोग हुन सक्नेछ ।

- अस्थायी आवास निर्माण गर्ने प्रत्येक घरपरिवारले स्थानीय सामग्रीहरुको प्रयोग गरी उपयुक्त आकार/प्रकारको शौचालय बनाउनु पर्नेछ ।